**मध्यविन्दु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**(शिक्षा युवा तथा खेलकुद शाखा)**
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प स : ०८०/८१/
च न :

मिति: २०८०/७/१३

सुचना ॥!

विषयः विषय विज्ञ सुचिकृत हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा मध्यविन्दु नगरपालिकाबाट मिति २०८०/०६/१४ गते प्रकाशित विषयविज्ञ सुचिकृत सम्बन्धि सूचना बमोजिम अत्यन्त न्यून संख्यामा मात्र विज्ञहरु सुचिकृत हुन आएको हुँदा नगरपालिका भित्र कार्यरत योग्यता पुगेका सम्पूर्ण शिक्षकहरुले पूर्व सूचनामा उल्लिखित कागजात सहित कार्तिक २२ गते भित्र नगरपालिकामा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

पुनश्च : आ.व. ०७८/०७९ मा सुचिकृत विज्ञले समेत नविकरणको लागी सम्पूर्ण कागजात सहित निवेदन पेश गर्नु पर्नेछ।

०६/१३.

कृष्ण प्रसाद रेग्मी
शिक्षा अधिकृत

मध्यविन्दु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(शिक्षा युवा तथा खेलकुद शाखा)
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प स: ०८०/८१
च न :

मिति: २०८०/६/१४

# सुचना !!!

विषयः विषय विज्ञ सुचिकृत हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा मध्यविन्दु नगरपालिका शिक्षा ऐन -२०७८ को दफा २७ (ग) मा व्यवस्था भए बमोजिम मध्यविन्दु नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने दरवन्दी तथा अन्य सबै प्रकारका (राहत, अनुदान र निजी) करार शिक्षक पदपूर्तिको लागि लिइने शिक्षक छनौट परीक्षामा विषय विज्ञको रुपमा काम गर्नका लागी सुचिकृत हुन इच्छुक रहेका तपशिलको योग्यता भएका यस नगरपालिका भित्र सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुले अन्तिम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी नियुक्तिपत्रको प्रतिलिपि र शिक्षक सेवा आयोगको नँया पाठ्यक्रममा आधारित २/२ सेट (विषयगत र वस्तुगत) नमुना प्रश्नपत्रको फाइल सहित सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

तपशिलः

- आधारभूत तह(१-५)को लागि प्राथमिक तहमा कम्तिमा ३ वर्ष स्थायी सेवा भई स्नातक तह उत्तीर्ण
- आधारभूत तह(६-८)को लागि निम्न माध्यमिक तहमा कम्तिमा ३ वर्ष स्थायी सेवा भई सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण
- माध्यमिक तह (९-१०)को लागि माध्यमिक तहमा कम्तिमा ३ वर्ष स्थायी सेवा भई सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण / माध्यमिक तहमा १० वर्ष स्थायी सेवा गरेको स्नातक तह उत्तीर्ण शिक्षक
- माध्यमिक तह (११-१२) को लागि साबिक उच्च माध्यमिक तहको दरवन्दी/अनुदान कोटामा रही कम्तिमा ३ वर्ष सेवा गरी सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा माध्यमिक द्वितीय श्रेणीमा कार्यरत वा क्याम्पसमा २ वर्ष वा सो भन्दा बढी समय अध्यापनरत प्राध्यापक/उप-प्राध्यापक/सहायक प्राध्यापक (Full Timer)

६/१४

कृष्ण